## नेपाल राष्ट्र बैंकको ६४ औं वार्षिकोत्सवको अवसरमा आयोजित समारोहमा गभर्नर डा. चिरंजीवि नेपालले दिनुभएको मन्तव्यको सारसंक्षेप

२०७६ वैशाख १४ गते

### समष्टिगत आर्थिक स्थायित्व तथा वित्तीय विस्तार मार्फत उच्च आर्थिक वृद्धिमा योगदान पुऱ्याउने नेपाल राष्ट्र बैंकको प्रतिबद्धता

**आदरणीय पूर्व गभर्नरज्यूहरु,**
**डेपुटी गभर्नरज्यूहरु लगायत संचालक समितिका सदस्यज्यूहरु,**
**पूर्व डेपुटी गभर्नरज्यूहरु एवम् राष्ट्र बैंकका पूर्व विशिष्ट अधिकृतज्यूहरु,**
**नियामक निकायका प्रमुख एवम् प्रतिनिधिज्यूहरु,**
**बैंक तथा बित्तीय संस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरु,**
**उद्योग बाणिज्य संघका प्रतिनिधिज्यूहरु,**
**पूर्व कर्मचारीज्यूहरु**
**कर्मचारी संघ संगठनका प्रतिनिधिज्यूहरु,**
**मिडियाका साथीहरु,**
**बैंकका सहकर्मी कर्मचारी मित्रहरु तथा**
**अन्य आमन्त्रित महानुभावहरु,**

१. नेपाल राष्ट्र बैंक आज आफ्नो स्थापनाको ६४औं वर्षमा प्रवेश गरेको छ । वार्षिकोत्सवको यस सुखद् अवसरमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी यहाँ पाल्नु भएका पूर्व गभर्नरज्यूहरु लगायत सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२. मुलुकमा राजनीतिक स्थायित्व कायम भएसँगै आर्थिक क्रियाकलापले गति लिन थालेको छ । कृषि उत्पादनमा भएको वृद्धि, ऊर्जा आपूर्तिमा देखिएको सुधार, पुनर्निर्माणले लिएको गति तथा पर्यटन क्षेत्रमा भएको आशालाग्दो प्रगतिले उत्साहजनक आर्थिक परिदृश्य देखाएको छ ।

३. वित्तीय क्षेत्रमा लिइएका नीतिगत पहलकदमीको परिणामस्वरूप वित्तीय पहुँच विस्तार भएको छ । कृषि, ऊर्जा, पर्यटन लगायतका क्षेत्रमा कर्जा प्रवाह बढेको छ । भुक्तानी प्रणालीलाई आधुनिकीकरण गर्ने दिशामा पूर्वाधार निर्माणका महत्वपूर्ण कामहरू अगाडि बढेका छन् ।

४. बैंक तथा वित्तीय संस्थाहरू एक-आपसमा गाभिई संस्थागत सवलीकरण र संख्यात्मक व्यवस्थापनमा सहयोग पुगेको छ । २०७५ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाका शाखा संख्या ८२०५ पुगेको छ भने प्रति शाखाले सेवा प्रदान गर्नसक्ने जनसंख्या ३५६० भएको छ ।

५. बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप खाताको संख्या २०७५ फागुनमा २ करोड ५७ लाख पुगेको छ । ७२४ स्थानीय तहमा बाणिज्य बैंकका शाखा पुगेका छन् । २०७५ फागुन मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप रु. ३००९ अर्ब पुगेको छ भने कर्जा लगानी रु. २७४९ अर्ब रहेको छ ।

६. भौतिक पूर्वाधारका क्षेत्रमा लगानीको आवश्यकता पूरा गर्ने उद्देश्यले पूर्वाधार विकास बैंक स्थापना भएको छ । संघीयता कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल राष्ट्र बैंकको संस्थागत ढाँचामा परिवर्तन गर्ने क्रममा कर्णाली प्रदेशमा यस बैंकको कार्यालय स्थापना गर्ने प्रक्रिया अगाडि बढेको छ ।

७. २०७२ वैशाखको विनाशकारी भूकम्पले ध्वस्त भएका यस बैंकका बालुवाटार तथा थापाथलीस्थित भवनहरूको निर्माण कार्य प्रारम्भ भई आगामी २ वर्षभित्र सम्पन्न हुने योजना रहेको छ ।

## समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

### विश्व अर्थतन्त्र

८. अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०१८ मा ३.६ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०१९ मा ३.३ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ । छिमेकी मुलुकहरू भारत र चीनको आर्थिक वृद्धि सन् २०१९ मा क्रमश ७.३ प्रतिशत र ६.३ प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

### आर्थिक वृद्धि तथा मूल्य स्थिति

९. मुलुक उच्च आर्थिक वृद्धिको बाटोमा अगाडि बढेको छ । आर्थिक वर्ष २०७५/७६ मा समेत ७ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान सार्वजनिक भइ सकेको छ । तीन वर्ष लगातार औसत ७ प्रतिशतको आर्थिक वृद्धि हुनुले नेपालको उत्पादन सम्भाव्यता बढेको देखाउँछ । शोधनान्तर स्थिति दबाबमा रहेतापनि समष्टिगत आर्थिक व्यवस्थापन सकारात्मक रहेकोछ ।

१०. २०७५ चैतमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.४ प्रतिशत रहेको छ । यस्तो मुद्रास्फीति २०७४ चैतमा ५.३ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २.८ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.७ प्रतिशत रहेको छ ।

### सरकारी वित्त स्थिति

११. २०७५ चैत मसान्तसम्ममा बैंकिङ्ग कारोबारमा आधारित सरकारको वित्त स्थिति रु. १७ अर्ब २९ करोडले बचतमा रहेको छ । संघीय सरकारको कुल खर्च रु. ५९६ अर्ब ६२ करोड पुगेको छ । यस मध्ये चालु खर्च रु. ४४७ अर्ब ५५ करोड र पुँजीगत खर्च रु. १०३ अर्ब ४९ करोड रहेको छ ।

१२. २०७५ चैत मसान्तसम्ममा बैंकिङ्ग कारोबारमा आधारित राजस्व संकलन (प्रदेश तथा स्थानीय तहमा बाँडफाँड हुने रकम समेत) १९.५ प्रतिशतले वृद्धि भई रु. ६०४ अर्ब ६० करोड पुगेको छ ।

### वाह्य क्षेत्र स्थिति

१३. समीक्षा अवधिमा चालु खाता रु. १९१ अर्ब १२ करोड र शोधनान्तर स्थिति रु. ५८ अर्ब ९९ करोडले घाटामा रहेको छ । कुल विदेशी विनिमय सञ्चिति रु. १०६१ अर्ब ७१ करोड कायम भएको छ । बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ९.१ महिनाको वस्तु आयात र ७.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

### मौद्रिक व्यवस्थापन

१४. आर्थिक वर्ष २०७५/७६ को आठ महिनामा विस्तृत मुद्राप्रदाय ८.४ प्रतिशतले बढेको छ । बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ९.७ प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १४.६ प्रतिशतले बढेको छ ।

१५. २०७५ चैतमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ४.४४ प्रतिशत रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरू बीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर ५.२८ प्रतिशत रहेको छ । २०७५ फागुनमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर १२.३३ प्रतिशत र निक्षेपको भारित औसत ब्याजदर ६.६२ प्रतिशत रहेको छ । यसैगरी, बैंकहरुको औसत आधार दर ९.६५ प्रतिशत रहेको छ ।

### पुँजी बजार

१६. नेप्से सूचकाङ्कमा भएको केही उतार चढावका वावजूद चालू आर्थिक वर्ष पुंजी बजारका गतिविधि स्थायित्वतर्फ उन्मुख भएका छन् । २०७६ वैशाख १२ मा नेप्से सूचकाङ्क १२९२.१२ विन्दू रहेको छ ।

### पुनरकर्जा

१७. प्राथमिकता प्राप्त क्षेत्रतर्फ कर्जा वढाउने उद्देश्यले यस बैंकबाट सञ्चालनमा रहेको पुनरकर्जा सुविधाको उपयोगलाई प्रभावकारी बनाउन नीतिगत व्यवस्था मिलाइएको छ । यस अर्न्तगत यस बैंकमा रहेको पुनरकर्जा कोषको सीमा वृद्धि गरी रु. ५० अर्ब पुऱ्याउने व्यवस्था गरिएको छ । त्यसैगरी, पुनरकर्जा दरहरुमा कटौती गरी ब्याजदर स्थायित्व कायम गर्ने प्रयास गरिएको छ । सहुलियतपूर्ण कर्जा सुविधाको उपयोग वढाउनेतर्फ आवश्यक पहल गरिएको छ । २०७५ फागुन मसान्तमा रु. २४ अर्ब ५२ करोड पुनरकर्जा बक्यौता रहेको छ ।

### वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण

१८. आर्थिक वर्ष २०७५/७६ देखि "ख" र "ग" वर्गका वित्तीय संस्थाहरूले आफ्नो वित्तीय विवरण Nepal Financial Reporting Standard (NFRS) बमोजिम तयार गर्नुपर्ने नीतिगत व्यवस्था गरिएको छ । बैंक तथा वित्तीय

संस्थाहरूका लागि जोखिम व्यवस्थापन मार्गदर्शन, २०७५ लागू गरिएको छ । इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूका लागि आर्थिक वर्ष २०७६/७७ को शुरु देखि लागू हुने गरी Uniform Chart of Accounts जारी गरिएको छ ।

१९. विद्युतीय माध्यमबाट बैंकिङ्ग क्षेत्रमा हुनसक्ने साइबर अपराध न्यूनीकरण गर्दै साइबर सुरक्षालाई प्रवर्द्धन गर्न वाणिज्य बैंकहरूले अनिवार्य रूपमा आर्थिक वर्ष २०७५/७६ देखि सूचना प्रविधि प्रणालीको लेखापरीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

२०. वाणिज्य बैंकहरूले प्रत्येक आर्थिक वर्षको लागि निक्षेप, दायित्व तथा कर्जा सापट सहितको वार्षिक कार्ययोजना सञ्चालक समितिबाट स्वीकृत गराई साउन मसान्तभित्रमा यस बैंकको बैंक सुपरिवेक्षण विभाग समक्ष अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

२१. नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को आधारमा Compliance-based Supervision का साथै Risk-based Supervision को अवधारणा बमोजिम निरीक्षण तथा सुपरिवेक्षण कार्य निरन्तर भइरहेको छ ।

### भुक्तानी प्रणाली

२२. देशमा सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने सन्दर्भमा सो सँग सम्बन्धित कार्यको नियमन, सुपरिवेक्षण र निगरानी गर्ने उद्देश्यले तयार गरिएको "भुक्तानी तथा फछ्र्यौट ऐन, २०७४" संसदबाट पारित भई लागू भएको छ ।

२३. नेपालमा Real Time Gross Settlement प्रणाली लागू गर्ने सन्दर्भमा UKaid Sakchyam को सहयोगमा सन् २०१९ को सेप्टेम्बरसम्ममा सो प्रणाली स्थापना गरी सञ्चालनमा ल्याउने योजना अनुरूप कार्य अगाडि बढिरहेको छ ।

### विदेशी विनिमय व्यवस्थापन

२४. इजाजतपत्र प्राप्त मनिचेञ्जरहरूले बैंक वित्तीय संस्थासँग सम्झौता गरी Point of Sale (PoS) मार्फत विदेशी पर्यटकलाई तोकिएका कागजातहरू लिएर निर्दिष्ट प्रक्रियाहरू पूरा गरी Visa, Master Card लगायतका अन्तर्राष्ट्रिय कार्ड मार्फत् विदेशी मुद्रा सटही सुविधा दिन सक्ने व्यवस्था गरिएको छ ।

२५. विदेशी लगानीमा स्थापना भएका तोकिएका उद्योग तथा परियोजनामा विदेशी लगानीकर्ताले भित्र्याएको परिवर्त्य विदेशी मुद्राको रकम नेपालका वाणिज्य बैंकहरूमा निक्षेप राखी सोको धितोमा नेपाली मुद्रामा कर्जा लिन सक्ने व्यवस्था गरिएको छ ।

२६. २०७५ फागुन १३ गते राजपत्रमा प्रकाशित "हेजिङ्ग सम्बन्धी नियमावली, २०७५" कार्यान्वयनमा आएको हुँदा मिति २०७५ फागुन २६ गते सो सम्बन्धमा सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

### जनशक्ति, पूर्वाधार व्यवस्थापन लेखापरीक्षण तथा विविध

### जनशक्ति व्यवस्थापन

२७. बैंकमा मानव संसाधनको व्यवस्थापन गर्न जनशक्ति योजना तयार गरी कर्मचारी भर्ना, तालिम, विकास, सरुवा, बढुवा, अवकाश लगायतका कार्यहरू नियमित रूपमा सम्पन्न गरिएका छन् ।

२८. २०७५ फागुन मसान्तसम्ममा बैंकमा कार्यरत १,०४५ कर्मचारीहरू मध्ये अधिकृतस्तरका ५३८, सहायकस्तरका ३८२ र श्रेणीविहिन कार्यालय सहयोगीस्तरका १२५ कर्मचारीहरू रहेका छन् । त्यसैगरी विभिन्न पदमा गरी १४० जना करारमा कार्यरत रहेका छन् । २०७४ चैत १ गतेदेखि २०७५ फागुन मसान्तसम्मको अवधिमा कुल १७५ जना कर्मचारीहरू बैंक सेवाबाट निवृत्त भएका छन् ।

२९. यस बैंकको जनशक्ति व्यवस्थापनसँग सम्बन्धित काम कारबाहीलाई थप प्रभावकारी एवम् आधुनिकीकरण गर्न नयाँ HRIS Software खरिद गरी लागू गरिएको छ ।

### मुद्रा व्यवस्थापन

३०. नेपाली नोटको गुणस्तर वृद्धिका लागि नोटको आयु बढ्ने र सुरक्षण विशेषताहरू स्तरोन्नति हुने गरी नोट छपाई प्रक्रिया अगाडि बढाइएको छ । सफा नोट नीतिको प्रभावकारी कार्यान्वयनका लागि देशका विभिन्न भागमा सफा नोट नीति सम्बन्धी अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

## वित्त व्यवस्थापन तथा आन्तरिक लेखापरीक्षण

३१. आर्थिक वर्ष २०७४/७५ को वित्तीय विवरण Nepal Financial Reporting Standard (NFRS) को पूर्ण पालना गरी प्रकाशन गरिएको छ । लेखापरीक्षण पद्धतिमा सुधार गर्ने क्रममा प्रविधिको विकासलाई समेत मान्यता दिई आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विनियमावली, २०५९ मा आवश्यक संशोधन गरिएको छ ।

## सम्पत्ति शुद्धीकरण निवारण तथा वित्तीय जानकारी

३२. वित्तीय स्थायित्व, पारदर्शिता र वित्तीय अपराध नियन्त्रण गर्ने उद्देश्य रहेको AML/CFT प्रणालीको अवस्था र स्तर मूल्याङ्कन गर्न राष्ट्रिय जोखिम मूल्याङ्कन र स्वमूल्याङ्कन सम्पन्न भएको छ । IT Software System goAML प्रयोगमा ल्याउन आवश्यक Hardware खरिद गरिएको छ ।

## अध्ययन/अनुसन्धान

३३. समसामयिक विषयहरुमा अध्ययन अनुसन्धानलाई निरन्तरता दिने क्रममा SMEs Financing in Nepal विषयक अध्ययनको लागि स्थलगत सर्वेक्षण सम्पन्न भएको छ भने Cross-country Experience on Macroprudential Policies सम्बन्धी अध्ययन सम्पन्न हुने क्रममा छ ।

३४. घरजग्गाको मूल्यमा भइरहने उतारचढावलाई प्रतिबिम्बित गर्ने गरी घरजग्गा मूल्य सूचकाङ्क तयार गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

३५. अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार तथा सुदृढ गर्ने दिशामा महत्वपूर्ण उपलब्धि हासिल भएका छन् । यस बैंकबाट भएका उच्चस्तरीय भ्रमणहरु तथा अन्तर्राष्ट्रिय दातृ निकाय एवम् केन्द्रीय बैंकका प्रतिनिधिहरुले गरेको नेपाल भ्रमणका समयमा द्विपक्षीय आर्थिक र वित्तीय विकासका विषयमा छलफल भई नीति निर्माणमा महत्वपूर्ण सहयोग पुग्न गएको छ ।

३६. यसै क्रममा एसियन क्लियरिङ्ग युनियनको ४७ औं बोर्ड अफ डिरेक्टर्स मिटिङ तथा सार्कफाइनान्स गभर्नर्स सिम्पोजियम एवम् ३६औं सार्कफाइनान्स ग्रुप मिटिङ काठमाडौंमा आयोजना गरिएका छन् ।

३७. बैंक अफ कोरियाको सहयोगमा Bank of Korea Knowledge Partnership Program (BOK-KPP) 2018 अन्तर्गत "Payment and Settlement System Development" विषयमा KPP सम्पन्न गरिएको छ । यसैगरी Alliance For Financial Inclusion (AFI) को सहयोगमा Financial Literacy Framework तयार गर्ने कार्य अगाडि वढेको छ ।

## अन्त्यमा,

३८. उच्च, समावेशी र दिगो आर्थिक वृद्धिका लागि वित्तीय क्षेत्रको विकास गर्न र आर्थिक स्थायित्व मार्फत मुलुकको समग्र विकासमा सहयोग पुऱ्याउन नेपाल राष्ट्र बैंक प्रतिबद्ध छ । उच्च आर्थिक वृद्धि हासिल गर्ने क्रममा समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै अगाडि बढ्नु पर्ने चुनौती छ । यसर्थ, समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै वित्तीय क्षेत्रबाट परिचालन हुने स्रोत साधन उत्पादनशील क्षेत्रतर्फ निर्देशित गर्ने, वित्तीय उपकरण एवम् पूर्वाधारहरुको समयसापेक्ष विकास गर्ने र वित्तीय ग्राहक संरक्षण गर्नेतर्फ नेपाल राष्ट्र बैंक केन्द्रित रहेकोछ ।

३९. बैंकको उद्देश्य प्राप्तिमा संलग्न हुने सबै कर्मचारीहरु धन्यवादका पात्र हुनुहुन्छ । वार्षिकोत्सवको यस अवसरमा बैंकका सम्पूर्ण कर्मचारी र अन्य सम्बद्ध सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दै यस बैंकले लिएका उद्देश्य प्राप्तिमा आगामी दिनमा अझ क्रियाशील हुँदै बैंकको गरिमा उच्च राख्ने गरी बैंकको तर्फबाट सेवा प्रदान गर्न/गराउन सम्पूर्ण कर्मचारीहरुलाई आह्वान समेत गर्दछु ।

४०. यस बैंकको काम कारबाहीमा निरन्तर सहयोग गर्ने नेपाल सरकारका विभिन्न निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, निजी क्षेत्रका संघ संस्थाहरू, सञ्चार क्षेत्र, प्रबुद्ध वर्ग, दातृ निकाय लगायतका अन्तर्राष्ट्रिय संघ संस्थाहरू र सर्वसाधारण सबैमा यस अवसरमा म धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा पनि सम्बद्ध सबैबाट बैंकलाई निरन्तर सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद ।

१४ वैशाख २०७६